# परियत्ति ज्योति

(बौद्ध परियत्ति सम्बन्धी त्रैमासिक)

अंक १४ बु.सं. २५४४ ने. सं. ११२१ वि. सं. २०५७ वर्ष ४




## भिक्षु अनिरुद्ध महास्थविर

Downloaded from http://www.dhamma.digital

सम्पादकीय

# सन्दर्भ राष्ट्रिय जनगणना २०५८

यहि आउँदो जेठ महिनाको २८ गतेदेखि आषाढ ७ गतेसम्म मुलुकमा दशौं राष्ट्रिय जनगणना २०५८ सम्पन्न हुन गइरहेको छ । यो विषय विविध पक्षहरुले गर्दा निकै महत्वपूर्ण रहने छ । प्रत्येक १० वर्षमा गरिने राष्ट्रिय जनगणनाले देशको आर्थिक, सामाजिक, धार्मिक, भाषिक एवं सामाजिक पक्षहरु स्पष्ट रुपमा चित्रण गर्ने गर्दछ । राष्ट्रका जनताहरुको जात, धर्म, भाषा र विभिन्न पक्षहरुको यथार्थ चित्रण गर्ने राष्ट्रिय जनगणनाको परिणामबाट निस्कने तथ्य १० वर्षको लागि देशको आधिकारिक आँकडाको रुपमा समेत रहने भएकोले पनि यस विषय महत्वपूर्ण हुन गएको हो ।

विगतका राष्ट्रिय जनगणनाको परिणाम अधिकाँश जनजाति र धार्मिक आस्था राख्नेहरुका लागि पूर्ण रुपले स्विकार्य रहन सकेन । वि.सं. २०४८ सालको नवौं राष्ट्रिय जनगणनामा नेपालको कुल जनसंख्याको ७.२४ प्रतिशतमात्र मगरहरु रहेको देखाइयो जुन तथ्य मान्न नेपाल मगर संघ तयार कहिल्यै रहेन । बुद्ध जन्मभूमि नेपालका मगर, थारु, गुरुङ, तामाङ, नेवारहरु जस्ता जनजातिहरु मध्य अधिकाँश संख्याले बौद्ध परम्परा अनुसार आफ्ना दिन चर्या चलाउँदै आइरहेको पाइन्छ । तर वि.सं. २०४८ सालको राष्ट्रिय जनगणनाले राष्ट्रको कुल जनसंख्याको ७.८ प्रतिशत मात्र बौद्ध रहको कुरा देखाएर जनगणनाको परिणाम पूर्वाग्रहले ग्रस्त रहेको कुराको टड्कारो रुपले पुष्टि गरेको देखिन्छ ।

आजभन्दा अघिका राष्ट्रिय जनगणनाले पारदर्शी रुपमा तथ्यांकहरु

*(बाँकी १६ पेजमा)*

## यस अंकमा

लेख: पटाचारा
जीवनी: भिक्षु अनिरुद्ध महास्थविर
जातक कथा: सिकाउने व्यक्तिले आफै सिक्नु पर्छ ।
कविता: बुझ र नबिर्स
परियत्ति गतिविधि
अन्तर्वार्ता: नानीमैंया मानन्धरसंग

Downloaded from http://www.dhamma.digital

बाल बौद्ध जागरण समूह,
ज्योतिदय संघ

ज्योति विहार, चापागाउँद्वारा प्रकाशित

# परियत्ति ज्योति

*वर्ष ४ अंक १४*

**संरक्षक**
अ. ज्ञाणवती

**सल्लाहकार**
शाक्य सुरेन

**सम्पादक**
वासुदेव

**सहयोगी सम्पादक**
दिल ब. देशार
रामेश्वर देशार

**व्यवस्थापक**
हेराकाजी
राजेश

**सहयोगीहरु**
शान्ति देशार
तीर्थकुमारी महर्जन
रमेश देशार
रविन्द्र देशार
राज देशार
अजय देशार

**हाम्रो ठेगाना**
बाल बौद्ध जागरण समूह,
ज्योतिदय संघ
ज्योतिविहार, चापागाउँ
ललितपुर, नेपाल

**कला**
राजुबाबु शाक्य

| | |
|---|---|
| प्रति अंक | रु. ५।- |
| वार्षिक ग्राहक | रु. १५।- |
| आजीवन ग्राहक | रु. १००।- |

**विज्ञापन दर**
पूरा पेजको रु. ५००।-
आधा पेजको रु. ३००।-
चौथाई पेजको रु. २००।-

मुद्रक तथा कम्प्यूटर
*जोशी प्रिन्टिङ्ग प्रेस*
क्वाको, ललितपुर-११
फोन नं. ५२१४७९, ५३६७६१

Downloaded from http://www.dhamma.digital

# पटाचारा (Patachara)

- आर.डि. "बी"

पारिवारिक बिछोदको दु:खबाट खग्रास भएकी, विपत्तिग्रस्त नि:सहाय अबला नारी जो भगवान बुद्धको शरणमा गई दु:खबाट मुक्त भए र फेरि दु:खमय र निरस जीवनलाई तिलाञ्जली दिएर ज्ञानको उज्वल बाटोमा पाइला अघि सारेर संघनायिका र विनयधरको श्रेष्ठ पद प्राप्त गरेर आफूजस्तै पाँचसय संकट ग्रस्त नारीहरुलाई मुक्तिको आलोकित बाटो देखाएर शोक र सन्तापकाट मुक्त गरि दिने महान आदर्श नारीको नाम हो पटाचारा।

श्रावस्ती नगरको एक प्रतिस्थित धनाढ्य र सम्पन्न परिवारमा जन्मेकी पटाचारा यौवन अवस्थामा पुगेपछि उसका आमाबुबाले एक धनी जातका व्यापारीसंग विवाह गरिदिने इच्छा गरे। तर उनी भने आफ्नै घरका एकजना सेवकसंग प्रेम जंजालमा फसिसकेकी हुनाले अन्तमा कुनै पनि उपाय नपाए पछि उनी आफ्नो प्यारो जन्मघरलाई छोडेर सेवकसंग भागिन्। यसरी उनीहरु सपनाका सुन्दर भविष्य बोकेर कुनै एक बिरानो गाउँमा गएर आफ्ना सुखी दाम्पत्य जीवन रमाइलोसंग व्यतित गरिरहेका थिए। यसै बीचमा पटाचारा गर्भवती भइन्। गर्भावस्थामा आफ्नो निर्धन पतिको आश्रममा आफ्नो पहिलो सन्तानलाई जन्म दिंदा उचित रुपले विचार र प्रवन्ध नहुने देखेपछि उनले माइत नै जाने निर्णय गरिन् र सोहि कुरा आफ्नो पतिको सामु व्यक्त गरिन्। तर उनका पतिले त्यहाँ जाने साहस गर्न सकेनन् र अन्तमा पटाचारालाई पनि त्यहाँ जानु उचित नहुने कुरा बताए। तर एकदिन पटाचारा कसैलाई पनि खबर नदिइकन आफ्नो माइती जान हिँडिन्। उक्त दिन संयोगले पटाचारा माइत पुग्न नपाउँदै उसलाई लोग्नेले बीचबाटोबाटै फर्काएर ल्यायो। केहि दिन पश्चात पटाचाराले एउटा सुन्दर बालकलाई जन्म दिइन्। यसरी उनीहरु एकजना पुत्रको जन्मले आनन्दमय तरिकाले हर्षोल्लासका साथ जीवन बिताउँदै थिए।

Downloaded from http://www.dhamma.digital

केहि वर्षको अन्तरालमै आफ्नो पहिलो बच्चा राम्ररी हुर्कन र बढ्न नपाउँदै पटाचारा फेरि गर्भवती भइन् । यसरी आफ्नो बच्चाहरुको सुनिश्चित भविष्यका लागि उनी फेरि आफ्नो पहिलो बच्चालाई बोकेर आफ्नो गर्भमा रहेको बच्चालाई जन्म दिन आफ्नो माइत श्रावस्ती हिँडिन् । यसरी दोश्रो पटक पनि उनका श्रीमानले सम्झाई बुझाई फर्काएर ल्याउँदै गर्दा एक्कासी हुरि बतास चल्न थाल्यो र ठूलो वर्षात हुन थाल्यो । भारी वर्षाका कारण जंगलमा ठूलो ओत लाग्ने ठाउँ कतैपनि नपाएपछि आफ्नो प्राणप्रिया पटाचारा र बच्चालाई भारी वर्षाको रुझाइबाट बचाउन उनी रुखका हाँगा काट्न भनि जाँदा एउटा विषालु सर्पको टोकाइबाट मर्न पुग्यो । पटाचारा भने श्रीमान्को पर्खाइको सीमालाई तोडेर प्रतिकूल समयमा फेरि अर्को बालकलाई जन्म दिन पुग्छिन् । पटाचारा आफ्ना दुवै बालकहरुलाई बोकेर आफ्नो लोग्नेको खोजाइमा यताउता भौतारिन थालिन् । यसरी आफ्नो लोग्ने खोज्दै जाँदा उनले छटपटीले रुँदै कराउँदै बाध्यताबस् आफ्नो गन्तव्य स्थानलाई निरन्तरता दिइरहिन । उसको गन्तव्यस्थानमा अवरोधका रुपमा अचिरवती नदी ठूलो बेगले बगेको थियो। उनी आफ्ना भर्खर जन्मेका बालकलाई नदी पारी पुऱ्याएर अर्को बालकलाई लिन फेरि नदि पार गरिरहेकै समयमा एउटा बाजले उसको सानो बालकलाई टप्प टिपेर लग्यो । अबला र निसहाय पटाचारा करुण क्रन्दन स्वरमा ताली बजाएर आफ्नो बच्चालाई बाजले छोड्ला कि भन्ने झिनो आशाले हा-हा भन्दै कराउन थालिन् । तर विधाताको विधान अचम्म ! मात्र एकजना बाँकी भएको बालकले पनि आमाले आफूलाई बोलाएको सम्झि आफ्ना पाइला अघि सार्दा अचिरवती नदीको प्रवाहमा पर र एक्कासी बगिन पुग्यो । अब भने पटाचाराको लागि केहि पनि बाँकी रहेन र उनको लागि चारै दिशा अन्धकार लाग्न थाल्यो । उनको लागि धर्ती आपसेआफ भासिँदै गएको भान हुन थाल्यो र आकाश कालो बादलले मडारिन थाल्यो । त्यत्तिकैमा उनले एकजना बटुवासंग आफ्नो परिवारको बारेमा सोधपूछ गर्दा उनले आफ्नो परिवारका सबैजना सदस्यहरु घर भत्केर मरेको जानकारी पाइन र


Downloaded from http://www.dhamma.digital

नजिकैको मसानमा आफ्नो सारा परिवारको दाहसंस्कारको धुँवा-आकाशमा उडिरहेको देखिन्।

उक्त दृष्य देखेपछि उनी एकछिन अचेत हुन पुगिन् र उनको होशको ठेगाना रहेन र आफ्नो जीउमा लुगा भए नभएको पनि थाहा भएन। वस्त्र र लज्जाको ध्यान नभएकी, धनी, श्रेष्ठी, पुत्री निर्धन नारी र दुःखी माता भएकीले सबैले पटाचारा भनेर भन्न थालिन्।

त्यसदिन महाकारुणिक भगवान बुद्ध श्रावस्तीमा भिक्षुगणहरुलाई उपदेश दिंदै हुनुहुन्थ्यो। वस्त्र नभएकी बहुलाई स्वभावकी पटाचाराले रुँदै भगवान बुद्धको श्रीचरणमा आफ्नो टाउको राख्न पुगिन्। करुणानिधि तथागतको मुखबाट अमृत समानको वाक्य प्रष्फुटित भयो, "बहिनी, होशमा आउ।" वस्पोलको दयाले उनमा होश आयो र कसैले उनलाई वस्त्र दियो। भगवान बुद्धले उनको दुःखप्रद घटना सुनिसकेपछि उनलाई धर्मको उपदेश दिनु भयो र यसबाट उनको चित्त प्रशन्न भयो। वस्पोलले पटाचारालाई निर्वाण धर्म अववोध गराउनु भयो।

प्रव्रजित भएर पटाचारा साधनामा तल्लीन हुन थाले। भगवान बुद्ध प्रशन्न भएर उनलाई विनयशील भिक्षुणीहरुमध्ये अग्रस्थान प्रदान गर्नु भयो। यसरी पटाचाराले यस अनित्य संसारलाई बुझेर त्रिरत्नको शरणमा गएर विचार र साधना गर्दा गर्दै अर्हत्व प्राप्त गरिन्।

- समाप्त -


# हार्दिक बधाई

*पंगु March 8th-2001 या दिनसं पूज्यवर भन्ते ज्ञाणपूर्णिक महास्थविर 'धम्माचरिय' ज्यूयात म्यानमार सरकारं विशिष्ट उपाधि, 'अग्ग महासद्धम्म ज्योतिक धज' पाखें विभुषित याना बिज्यागुलिं वसपोल भन्तेप्रति हार्दिक बधाई अर्पण याना च्वना।*

बाल बौद्ध जागरण समूह,
ज्योतिदय संघ
ज्योति विहार, चापागाउँ




Downloaded from http://www.dhamma.digital

# भिक्षु अनिरुद्ध महास्थविरको संक्षिप्त जीवनी

- रामेश्वर देशार



वि.सं. २०५४ सालमा द्वितिय संघनायक पूज्य भिक्षु शाक्यानन्दको निधन पछि आनन्दकुटीको सिमागृहमा २०५४ साल चैत्र २९ गते अखिल नेपाल भिक्षु महासंघद्वारा "संघनायक" पद प्रदत्त सरल, साधारण जीवन शैलीका पूज्यवर भिक्षु अनिरुद्ध महास्थविरले वि.सं. १९७२ मंसीर २८ गते यस धर्तीमा पहिलो पल्ट आँखा खोल्नु भएको थियो। उहाँको गृहस्थी नाउँ गजरत्न तुलाधर हो । पिता बारां साहु दशरत्न तुलाधर ( पछि सन् १९३४मा भिक्षु धम्मालोक) र माता दिव्यलक्ष्मी तुलाधरको माहिलो छोरोका रुपमा जन्मनु भएका गजरत्नले ८ वर्षको वाल्यकालमै मातृशोकको कठोर वज्र प्रहारलाई सहनु परेको थियो ।

आफ्नो घरमा प्रारम्भिक शिक्षा हासिल गर्नु भएका गजरत्न वाल्यकालमा अति बालसुलभ चञ्चल र चकचके स्वभावका भएपनि बनारसको सेन्ट्रल हिन्दु बोर्डिङ स्कूलको २ वर्ष अध्ययनबाट आफ्नो व्यवहारमा सुधार ल्याउन सफल भएका थिए। उहाँले ६ वर्षको कलिलो उमेरमै वि.सं. १९७८ सालमा ल्हासाको भ्रमण गर्नु भएको थियो। उहाँका पिता साहु दशरत्न गृहस्थी जीवनबाट केही हद टाढिएर जिर्ण अवस्थामा रहेको किण्डोल विहारको जिर्णोद्धार कार्यमा लाग्नु भयो । यसको लागि उहाँले आफ्नो दश वटै औंलामा लगाएर आएको सुनको औंठी समेत खर्चिनु भयो।

दशरत्न साहु र छोरा गजरत्न वर्ष दिन जति किण्डोल विहारमा बस्नु भएको अवधिभित्र गजरत्नले विहारमा पुजारीका रुपमा रहँदै आएका ठिमीका शाक्य देवपाला विरामी परेका बेला असाधारण रुपमा आफ्नो भित्री मनदेखि प्रस्फुटित भएर विरामीको सुसार-सेवामा लागि पर्नुभएको थियो। तर विधिको विधान, उहाँ पूजारीको निधन भयो । उहाँ पुजारीको ठाउँमा नमोबुद्धमा रहँदै आएका भक्तपुरका मन्जुहर्ष घ्यलु,



Downloaded from http://www.dhamma.digital

जो न्यूनव्रत चलाउन खप्पिस थिए, उनलाई ल्याएर जिम्मेवारी सुम्पे। तिनै घ्यलुंका एक परिचित सेदापदोर्जे लामा, जसले सन्यासी रामोदर साधु (पछि पण्डित राहुल सांकृत्यायन) लाई आफुसित तिब्बत यात्राको निम्ति शरण दिइ रहेका थिए, मार्फत गजरत्नको सम्पर्क रामोदर साधुसंग भयो। उहाँसंगको सम्पर्ककै कारण गजरत्नमा बुद्ध-धर्मको अध्ययन गर्ने इच्छा बृद्धि भएर आयो र उहाँकै सल्लाह बमोजिम श्रीलंका जाने तयारी गर्न थाले। यस कुराको लागि रामोदर साधुले श्रीलंकाका आफ्ना धर्ममित्र भदन्त आनन्द कौशल्यायनलाई पत्राचार गर्नु भएको थियो। त्यतिञ्जेलसम्म त्यस कुराको जानकारी साहु दशरत्नलाई थिएन।

श्रीलंका पुग्ने सिलसिलामा कलकत्ता जान आवश्यक भएकोले गजरत्न कलकत्तातिर लाग्ने धूनमा थिए जुन इच्छा उहाँका पिताले पुऱ्याइदिनु भयो। कलकत्तामा गजरत्न आफ्ना मामा महाधर साहुसंग रहे। उहाँले आफ्ना मामासंग श्रीलंका पठाइ दिन अनेक तरह (खाना नखाइ, रुवाबासी गरी, जहाँतहाँ गइ)ले ढिपी गरे। आफ्ना पिताको अनुमति बेगर नपठाउने मनसायले मामाले त्यसबारे दशरत्नलाई जानकारी गराए र साहु दशरत्न पनि तुरुन्तै कलकत्ता आएर छोराका अवस्था बुझ्दा छोरालाई सम्झाउन सक्ने स्थिति नदेखि श्रीलंका पठाइदिने अनुमति दिए। शरणंकर नामका एक भिक्षुको सहयोगमा गजरत्न बिना कुनै कठिनाई श्रीलंका पुगे। श्रीलंकामा उनै भिक्षु शरणंकरसंग सिहली भाषा सिकिरहेको बखत भदन्त आनन्द कौशल्यायनसंग भेट भयो र उहाँले गजरत्नलाई विद्यालंकार परिवेणमा लागि आवश्यक सम्पूर्ण चाँजोपाँजो मिलाइ दिए। त्यहाँ उहाँले भदन्त आनन्द कौशल्यायनको छत्र छायाँमा बसि अध्ययन गर्ने मौका पाउनु भयो। परिवेणमा रहनु भएको केहि महिना पछि सन् १९३० को शुरुमै विद्यालंकार परिवेणका प्रधानाचार्य लु. धम्मानन्द महास्थविरको आचार्यत्वमा प्रवजित हुनु भइ "श्रामणेर अनिरुद्ध" बन्न पुग्नु भयो। ५ वर्षसम्म श्रीलंका बसी उहाँले पालि, सिंहली, संस्कृत र अंग्रेजी भाषाको अध्ययन गरि सक्नु भएपछि भारत आउनु हुँदा उहाँको भेट उ. चन्द्रमणी महास्थविरसंग भयो। उ. चन्द्रमणिद्वारा श्रामणेर गजरत्न बुद्धधर्मको गहन अध्ययनको लागि बर्मा पठाइनु भयो र वर्माको मोल्मिनस्थित तांउं-पाउं-च्याउं विहारका प्रमुखाचार्य उ. चक्कपाल महास्थविरको उपाध्यायत्वमा सन् १९३७ मा उपसम्पन्न भइ "भिक्षु अनिरुद्ध" हुनु भयो।

भिक्षु अनिरुद्ध वर्मामा अध्ययनरत बेलामा दोश्रो युद्धको समय



Downloaded from http://www.dhamma.digital

परेको हुनाले उहाँले त्यहाँ आफ्नो प्राण रक्षाको निम्ति गाउँ-गाउँ, जंगल-जंगल भाग्दै-लुक्दै दुःख कष्टको सामना गर्नु परेको थियो । उहाँसंगै अर्का पूज्यवर भिक्षु बुद्धघोषले पनि दुःख भोग्नु परेको थियो । त्यसकारण उहाँहरु युद्ध समाप्तीको तत्कालै नेपाल फर्कनु भयो । भिक्षु अनिरुद्ध स्वदेश आइ कालिम्पोङ्ग जानु भइ भिक्षु महानाम "कोविद"लाई "धर्मोदय" पत्रिका प्रकाशन कार्यमा २ वर्षसम्म सहयोग पुऱ्याउनु भयो । वि.सं. २००६मा वर्माका प्रसिद्ध भिक्षु धम्माबुध नेपाल आउनु भइ ३ महिनासम्म यहाँका उपासकोपासिकाहरुलाई धर्म सम्बन्धि प्रवचन दिनु हुँदा अनुवाद गर्ने काम भिक्षु अनिरुद्धले गर्नु हुन्थ्यो । उहाँले श्रीलंकाराम चैत्यको उद्घाटन गराउनको निम्ति ५ मइ १९४८ का दिन प्रसिद्ध श्रीलंकाका नारद महास्थविरलाई नेपालमा ल्याउनु भएको थियो ।

भिक्षु अनिरुद्ध ४६ वर्षसम्म लुम्बिनीमा बसि लुम्बिनी कपलवस्तुको संरक्षण, वरपरका ग्रामीण वासिन्दाहरुको सेवा, लुम्बिनीयात्रीहरुको सत्कार गरि लुम्बिनी क्षेत्रमा खानेपानी, धर्मशाला र बाटोको समेत व्यवस्थामा सक्रिय भूमिका निर्वाह गर्नु भइ लुम्बिनीबासीहरुको "बड्का बाबा" समेत बन्न पुग्नु भयो । त्यस क्षेत्रमा खानेपानीको प्रवन्ध मिलाउनमा उहाँले संयुक्त राष्ट्र संघका तत्कालीन महासचिव उ. थान्तको प्रमुख सहयोग प्राप्त गर्नु भएको थियो । त्यसैगरी विभिन्न स्वदेशी तथा विदेशी दाताहरुबाट प्राप्त दानलाई पनि उहाँ धर्मशाला निर्माणमा प्रयोग गर्नु हुन्थ्यो भने निर्माण कार्यको लागि आवश्यक काठको प्रवन्ध समेत मिलाउने गर्नुहुन्थ्यो । यसै योगदानको कदर गर्दै ३ मार्च १९९५ का दिन "श्रीलंका अमरापुर महासंघ सभा" द्वारा "बुद्ध जन्मभूमी ज्योतक सासन कीर्ति श्री" उपाधिबाट विभूषित हुनु भयो । त्यसैगरी १२ मार्च १९९८ का दिन उहाँ बर्मा सरकारद्वारा "अग्ग महासद्धम्म ज्योतकधज" उपाधिद्वारा पनि विभूषित भइ सक्नु भएको छ ।

२०४७ भाद्र ५ गतेदेखि उहाँ आनन्कुटी विहारको प्रमुख रहँदै आउनु भएको छ भने उहाँले आफ्ना दिवंगत आमाको पुण्यस्मृतिमा मातातीर्थमा "दिब्याश्रम बुद्ध विहार" को निर्माण गर्नु भएको छ । उहाँले पालि, संस्कृत, हिन्दी, बर्मी, सिंहली, तिब्बती तथा नेपालीबाट मातृभाषामा थुप्रै पुस्तकहरुको अनुवाद प्रकाशनमा समेत ल्याइ सक्नु भएको छ । यस पत्रिका मार्फत सम्पूर्ण बाल बौद्ध जागरण समूह, ज्योति विहार परिवार उहाँको सुस्वास्थ्य, दीर्घायुको मंगलमय कामना गर्दछ । ●



Downloaded from http://www.dhamma.digital

*अनुशासिक जातकमा आधारित*

# सिकाउने व्यक्तिले आफै सिक्नु पर्छ

*- रमेश देशार 'A'*
*"परियत्ति सद्धम पालक"*

अनुशासन मानव जीवनमा नभई नहुने एउटा तत्व हो । कुनै पनि व्यक्तिले अनुशासनको पालना गरे सोही अनुसार गरेन भने पनि त्यो व्यक्ति स्वयमले दुःख भोग्नु पर्दछ । चाहे त्यो गृहस्थमा होस् या राजनैतिक क्षेत्रमा, चाहे त्यो उपासक, उपासिकाहरुमा होस् या धर्मको क्षेत्रमा, चाहे त्यो शिक्षक तथा विद्यार्थी वर्गहरुमा होस् या सामाजिक क्षेत्रमा । त्यहाँ अनुशासनको अतिनै महत्वपूर्ण स्थान रहेको हुन्छ । कुनै पनि व्यक्तिले आफ्नो स्वार्थको लागि अनुशासित भएर काम गरेन भने त्यसको दुष्परिणाम स्वयम् आफैले भोग्नु पर्छ । यस्तै घट्ना २५०० वर्षभन्दा अगाडि अथवा शाक्यमुनि गौतम बुद्धको पालामा भएको थियो ।

श्रावस्तीको एक कुलमा एक जना कन्याको जन्म भएको थियो । एक दिन उनी प्रव्रजित भई उपसम्पन्न समेत भएकी थिई । उनी निकै नै लोभी र स्वार्थी थिई । एक दिन उनी अरु भिक्षुणीहरु भिक्षाटन जाने नगर मा गई । उक्त नगरमा उनलाई उत्तम भोजन प्राप्त भएको थियो । जसले गर्दा उनको मनमा लोभ, तृष्णा उत्पन्न भयो । अनि उनले विचार गरिन् कि यदि त्यो ठाउँमा अरु भिक्षुणीहरु गएन भने त्यहाँको उतम भोजन सबै मेरै हुन्थ्यो । तदअनुसार उनले एउटा भयानक योजना बनाइन् । योजना अनुसार उनी अरु भिक्षुणीहरु बस्ने ठाउँमा गएर "आर्या !" फलाना ठाउँमा नजानु होला, त्यहाँ चण्डाल हात्ती, चण्डाल घोडा, चण्डाल कुकुरहरु र अन्य चण्डाल जनावरहरु छन् । त्यो स्थान भययुक्त छ । त्यसकारण त्यहाँ भिक्षाटन नजानुहोला ।" यसरी अरु भिक्षुणीहरूलाई अनुशासन गरी उनी त्यहाँबाट गइन । उनका कुरा सुनेर एक जना भिक्षुणी पनि त्यस स्थानमा गएन ।

एक दिन उनी आफै त्यस



Downloaded from http://www.dhamma.digital

स्थानमा भिक्षाटन गइरहेको बेलामा एउटा चण्डाल भेडा आइ उनको जाँघमा हानी जाँघको हाड भाँचि दियो। त्यहाँका मानिसहरु दौडेर आइ भाँचिएको जाँघलाई मिलाई बाँधि दिए।

उसलाई खाटमा राखि भिक्षुणीहरु बस्ने ठाउँमा लगे। अनि भिक्षुणीहरुले उनको धेरै नै उपहास गर्न थाले। अनुशासिका भिक्षुणीले अरुलाई अनुशासन गरी स्वयम् त्यस ठाउँमा भिक्षाटन गर्दा एक चण्डाल भेडाद्वारा जाँघ भाँचिनु पऱ्यो भनि अवगुणका कुराहरु गरिराखेका थिए। त्यसकारण अनुशासित बन्न सिकाउने व्यक्तिले आफै अनुशासित हुनु पनि सिक्नु पर्दछ।

। अस्तु ।

# हार्दिक श्रद्धाञ्जली

## अनिच्चावत संखारा

*उप्पादवय धम्मिनो*

*उप्पाजित्वा निरुज्झन्ति, तेसं उपसमो सुखो*

**नेपाःया अनागारिका संघया अध्यक्ष, बौद्ध परियत्ति शिक्षासँ सद्धम कोविद दकले न्हापां उत्तीर्ण जुया बिज्याम्ह गुरुमा अ. सुशीला वंगु फागुन ९ गते मंगलवाः खुन्हु ८८ दँया बैंशय् संसारया अनित्य भाव क्यना बिज्यागुलिं वसपोल गुरुमांयात निर्वाण लाभ जुइमाः धका कामना याना।**

**बाल बौद्ध जागरण समूह,**
**ज्योतिदय संघ**
**ज्योति बिहार, चापागाउँ**



Downloaded from http://www.dhamma.digital

# बौद्ध परियत्ति शिक्षाले जन्माएका युवा बौद्ध व्यक्तित्व सुश्री नानीमैंया मानन्धरसंग एकक्षण



(सुश्री नानीमैंया मानन्धरको जन्म सन् १९४६ मा काठमाडौंमा भएको हो । उहाँले स्नातक तह सम्म उत्तीर्ण गर्नु भएको छ भने नेपाल बौद्ध परियत्ति शिक्षामा "परियत्ति सद्धम पालक" सम्म उत्तीर्ण गरी परियत्ति सद्धम कोविद" तहसम्म अध्ययन गर्नु भएको छ । त्यसैगरी उहाँले श्रीलंकाको नालन्दा विश्वविद्यालयमा पालि भाषाको M.A. स्तरको पनि अध्ययन गर्नु भएको छ । सानै उमेर देखि बौद्ध क्रियाकलापमा लागि पर्नु भएका सुश्री मानन्धर एक सफल लेखिका, सफल साधिका (विपश्यना) एवं दत्तचित्त परियत्ति शिक्षाका शिक्षिका हुनुहुन्छ । हालसम्म नेपाल भाषा र नेपाली भाषा दुवै गरी जम्मा १६ वटा उहाँका कृतिहरु प्रकाशित छन् भने काठमाडौंको बुढानीलकण्ठ अवस्थित धर्मश्रृङ्ग विपश्यना केन्द्रमा हालसम्म ४० वटा १० दिने शिविर, ७ वटा ३ दिने बाल शिविर र २६ वटा १ दिने शिविरहरुमा सहायक आचार्य भएर शिविर सञ्चालन गरि सक्नु भएको छ । सन् १९९४ देखि "वरिष्ठ सहायक" उपाधि हासिल गर्नु भएका सुश्री मानन्धरले वि.सं. २०२१ सालदेखि हालसम्म पनि बौद्ध परियत्ति शिक्षाको समुन्नति र विकासमा योगदान पुऱ्याउँदै आउनु भएको छ । नेपालको एकमात्र राष्ट्रव्यापी रेडियो प्रसारण "रेडियो नेपाल" जस्तो सशक्त एवं व्यापक संचार माध्यमबाट प्रत्येक शुक्रबार बुद्ध धर्म सम्बन्धी धार्मिक कार्यक्रमको निरन्तर रुपमा संचालन गर्दै आइरहनु भएको छ । प्रस्तुत छ - यस अंकको लागि उहाँसंग लिइएको अन्तर्वार्ता - सम्पादक)



Downloaded from http://www.dhamma.digital

*(१) दिदी तपाईं कसरी यस शिक्षासंग सम्बन्धित हुनु भयो ?*

☛ म बालककाल देखि आमाहरुको माध्यमबाट भिक्षुहरुको संगतमा थिएँ। ५-६ वर्षको उमेरदेखि पञ्चशील, ७-८ वर्षको उमेरदेखि अष्टशील पालना गर्न शुरु गरेकी थिएँ। विभिन्न बौद्ध ग्रन्थहरु अध्ययन गर्थें। तर बौद्ध परियत्ति शिक्षाको चाहिं अध्ययन गरि सकेकी थिइन। भोजनको सिलसिलामा बुद्धघोष भन्ते घरमा आउनु हुँदा बौद्ध परियत्ति अध्ययन गर्न भन्नु हुन्थ्यो। आखिरमा उहाँ भन्ते वि.सं. २०१९ मा त्रिशुलीमा आफ्नो वर्षावास सकाएर घरमा आउनु हुँदा उहाँकै बारम्बारको आग्रहले मैले यस शिक्षाको प्रारम्भिक अध्ययन थालेकी हुँ । शुरुमा मैले कहिले गणबहाल, कहिले आनन्दकुटी, कहिले पाटनमा गरि श्रद्धेय भिक्षु बुद्धघोष, सुदर्शन एवं अश्वघोष मार्फत अध्ययनमा सहयोग प्राप्त गरेकी थिएँ।

*(२) बौद्ध परियत्ति शिक्षाले तपाईंको जीवनमा कस्तो प्रभाव पारेको महशुस गर्नुहुन्छ ?*

☛ बौद्ध परियत्ति शिक्षाको म माथिको एउटा विशेष प्रभाव भनेको नेपाल भाषामा लेख्ने शैलीको विकास हो । हुनत: यस शिक्षा अध्ययन गर्नु पूर्व पनि मेरो लेखन शैली त्यति नराम्रो भने होइन । यस शिक्षा अध्ययनले मेरो लेखन शैलीमा सुन माथि सुगन्ध थप्ने काम गरेको छ । शुरु शुरुमा आमालाई खुशी बनाउन मात्र अष्टशील पालन गर्ने गरेकोमा पछि यसको मर्म बुझेर दशैंको बेला समेत अष्टशील पालन गर्ने भएँ । पहिले सुनेर मात्र धर्मलाई बुझी रहेकोमा आफैले अध्ययन गरेर बुझ्ने मौका प्राप्त गरें ।

*(३) यस बौद्ध परियत्ति शिक्षाको उत्थानमा तपाईंको आफ्नो कस्तो भूमिका रहँदै आएको छ ?*

☛ वि.सं. २०२१ सालदेखि हालसम्म पनि बौद्ध परियत्ति शिक्षाको शिक्षिका भएर सेवा गर्दै आइरहेकी छु । मैले शिक्षिका भएर आनन्दकुटी, गणविहार, वलम्बु प्रणिधिपूर्ण विहारमा अध्यापन गरिसकें भने आफ्नै घरमा पनि यस शिक्षाका शिक्षार्थीहरुलाई अध्यापन गराउने गरेको छु भने हाल परोपकार केन्द्रको केन्द्राध्यक्ष भएर पनि सेवा गर्दै आइ र हेकी छु । १४ वर्षसम्म मैले यस


Downloaded from http://www.dhamma.digital

शिक्षाको वार्षिक परीक्षा कार्यक्रमको लागि प्रश्नपत्र तयार गर्ने र उत्तर पुस्तिका जाँच्ने काममा सघाइ सहयोग गर्दै आइरहेकी छु।

*(४) वर्तमान परिप्रेक्षमा यस शिक्षाको महत्व कस्तो छ भन्ने ठान्नु हुन्छ ?*

☛ तुलनात्मक रुपमा भन्ने हो भने यस शिक्षाको महत्व पहिला भन्दा पनि झन् बढेको छ। पहिलेको सामाजिक संरचनामा राम्रो विचार, मान-सम्मान र आदर हुन्थ्यो। तर अहिले आएर ती कुराहरुमा ह्रास आएको छ। परियत्ति अध्ययन गर्नेहरु र नगर्नेहरुबीच ठूलो अन्तर हुने, परियत्ति अध्ययन गर्नेहरुले आफू, आफ्नो समाज र सिङ्गो राष्ट्रकै विकासमा सहयोग पुऱ्याउन सक्ने भएको हुँदा परियत्ति शिक्षाको महत्वमा बृद्धि हुन गएको छ। यसको उदाहरणको रुपमा पाटनस्थित YMBA र काठमाडौंको युवा बौद्ध समूह मार्फतको युवा वर्गमा धार्मिक जागरण पुऱ्याउन परियत्तिको भूमिकालाई लिन सकिन्छ।

*(५) यस शिक्षाको प्रचार प्रसारमा सञ्चार माध्यमको कस्तो भूमिका रहेको हुन्छ भन्ने सोच्नुहुन्छ ?*

☛ रेडियो, टेलिभिजन, पत्रपत्रिकाहरु जस्ता सञ्चार क्षेत्रहरु निकै सशक्त र सबल हुने हुँदा बौद्ध परियत्ति शिक्षाको विकास, प्रचार प्रसारमा सञ्चार माध्यमको निःसन्देह ठूलो भूमिका रहेको हुन्छ।

*(६) यस शिक्षालाई दीगो, स्थायी, सबल र सफल बनाउन के कस्तो कुराको आवश्यकता देख्नु हुन्छ ?*

☛ भिक्षु, भिक्षुणी, उपासक-उपासिकाहरु बुद्ध शासनको लागि रथका चार पाङ्ग्रा सरह भएकोले सबै रथका पाङ्ग्राहरु एक साथ संगठित भएर अघि बढ्नु पर्छ जस्तो लाग्छ।

*(७) यस शिक्षाप्रति नयाँ पिंढीलाई आकर्षित गर्न के कस्तो कदमहरु चालिए राम्रो होला ?*

☛ नयाँ पुस्तालाई यस शिक्षाप्रति आकर्षित बनाउन मेरो विचारमा विद्यालयस्तरमा परियत्ति संचालन गरिनु पर्छ। दोश्रो कुरा परियत्ति शिक्षकहरु सक्षम हुनुपर्छ। कक्षा जति सानो भयो, त्यति बढी गुणस्तरिय शिक्षक/शिक्षिकाहरु चाहिन्छ। कक्षामा नियमित बनाउन विद्यार्थीहरुलाई


Downloaded from http://www.dhamma.digital

प्रोत्साहन स्वरुप समय समयमा पुरस्कारको व्यवस्था गरिनु पर्छ । समयानुकुल पिकनिक तथा दृश्यावलोकन गराउन लैजाने तथा विद्यार्थीहरुलाई आकर्षित तुल्याउने विविध अतिरिक्त क्रियाकलापहरुको संचालन गरिनु पर्छ ।

*(८) अन्तमा यस परियत्ति ज्योति मार्फत केहि भन्नु छ कि ?*

☛ पत्रिका सानो आकारमा भए पनि भाषा सरल र राम्रो छ । परियत्ति संग आवद्ध व्यक्तित्वहरुसंगको अन्तर्वार्ताले ती व्यक्तित्वहरुको पुनरावलोकन गराएको जस्तो लाग्छ । त्यसकारण यस त्रैमासिकका सम्पूर्ण इकाइलाई भविष्यमा पनि राम्रो बनाउँदै लान सकोस् भनि सुभेच्छा व्यक्त गर्न चाहन्छ लाग्छ ।

धन्यवाद !

# बिचा हायका:

*बौद्ध जन विहार, सुनागुथिसं प्रवेश प्रथम वर्ष (४) यू परियत्ति शिक्षा अध्ययन याना च्वँम्ह विमला महर्जन १५ दँया नच्चागु वैशय् अनित्य भाव वयना दिवंगत जुगुलिं मदुम्हसिया छेंज; पासापिं व बौद्ध जन विहार परिवार प्रति अनित्य भाव वोध याय् फय्‌मा धका विचा: हायका: ।*

**बाल बौद्ध जागरण समूह,**
**ज्योतिदय संघ**
**ज्योति बिहार, चापागाउँ**



Downloaded from http://www.dhamma.digital

# बौद्ध गतिविधि

## बु.सं. २५४४ या नेपाल बौद्ध परियत्ति शिक्षाया परीक्षाफल प्रकाशित

अखिल नेपाल भिक्षु महासंघ पाखें संचालित नेपाल बौद्ध परियत्ति शिक्षाया बु.सं. २५४४ सं संचालित परीक्षाफल वंगु फागुन ३० गते मंगलवाः खुन्हु प्रंकाशित जूगु दु। प्रधान केन्द्र नापं मुक्कं १९ वटा थी थी केन्द्रत पाखें परीक्षाया सम्मिलित जुइत कुल १०६० म्ह सिनं परीक्षाया नीतिं आवेदन फर्म भरे याःगु खःसा कुल ८०१ म्ह परीक्षासँ सम्मिलित जूगु खः। थी थी केन्द्रत पाखें सम्मिलित जूपिं विद्यार्थी धलः थुकथं जुल।

| ल्याः | केन्द्रया नाँ | विद्यार्थी ल्याः | बोर्ड ल्याः |
|---|---|---|---|
| १. | मणिमण्डप महाविहार, पटको, यल | २६ | १ |
| २. | यशोधरा बौद्ध विद्यालय, थैना | ४१ | - |
| ३. | धर्म कीर्ति विहार, श्रीघः, यें | ८८ | १ |
| ४. | बौद्ध समकृत विहार, ख्वपः | ३३ | - |
| ५. | प्रणिधिपूर्ण विहार, बलम्बु | ८४ | १ |
| ६. | दीपंकर परियति शिक्षालय, नागबहा | २३ | १ |
| ७. | नगरमण्डप श्री कीर्ति विहार, कीर्तिपुर | २२ | - |
| ८. | ज्योति विहार, वादे, यल | २८ | - |
| ९. | अमरापुर बुद्ध विहार, बुङ्ग | २५ | १ |
| १०. | जितापुर गन्धकुटी विहार, खोना | ३७ | - |
| ११. | विश्व शान्ति विहार न्हू बानेश्वर | २२ | ४ |
| १२. | परोपकार मा. वि., यें | ८६ | ३ |
| १३. | वेलुवनाराम विहार, ठेचो | ९२ | - |
| १४. | बुद्ध आदर्श, लुम्बिनी | ३१ | - |
| १५. | बौद्ध जन विहार सुनागुथि | ३९ | - |
| १६. | सिद्धि मंगल बुद्ध विहार, सिद्धिपुर | ११ | - |
| १७. | गण महाविहार, यें | ४२ | - |
| १८. | आनन्दकुटी विहार, स्वयम्भू | २६ | २ |

*स्रोत : केन्द्रीय परीक्षा नियन्त्रक, नेपाल बौद्ध परियत्ति शिक्षा*


Downloaded from http://www.dhamma.digital

## "परियोत्ति ज्योति" लाई आर्थिक सहयोग प्राप्त

भिक्षु विपस्सी "धम्मारामो" - २१०/-
सुश्री नानीमैंया मानन्धर - ५००/-

# बुझ र नबिर्स

- 4RA समूह
ज्योति विहार, वादे ।

सम्पदाको मर्म नबुझ्ने हे तालिवानहरु हो ।
आफू पनि मानव सम्पदाको अंग हो भन्ने नबिर्स ।
शान्तिको अर्थ नबुझ्ने हे तालिवानहरु हो ।
अशान्तिको ज्वालाले पोल्न सक्छ भन्ने नबिर्स ।

संकुचित विचारले ग्रस्त हे तालिवानहरु हो ।
पुरातात्विक संस्कृतिप्रेमीहरुको पीडालाई बुझ ।
विनाशमा नहिच्किचाउने हे तालिवानहरु हो ।
संरक्षण नै मानव सभ्यता हो भन्ने बुझ ।

विश्व सम्पदालाई नै हाँक दिने हे तालिवानहरु हो ।
आफु विवेकशील प्राणी हो भन्ने नबिर्स ।
गौरवमय ऐतिहासिक धरोहर मेटाउन चाहने हे तालिवानहरु हो ।
भविष्यका पिढीहरुले तिमीहरु माथि थुक्ने कुरा नबिर्स ।


Downloaded from http://www.dhamma.digital

अघि सार्न नसकेकोले यही २०५८ सालको जनगणनामा विभिन्न भाषिक, धार्मिक मतालम्बी समुदायको दुरुस्त चित्रण हुनुपर्दछ भनेर विभिन्न संघ, संस्थाहरु आ-आफ्नो स्तरले जनजागरणको लागि उत्प्रेरणाका कार्यक्रमहरु संचालन गर्दै अघि बढिरहेको कुरालाई साँच्चैको सकारात्मक पक्षको रुपमा लिन सकिन्छ। नेपाल मगर संघले आफ्नो भाषा, मगर भाषा, आफ्नो धर्म, बुद्ध धर्म भन्ने कुरा पारित गरेर अपिल समेतको प्रकाशन गरि सकेको छ। त्यसैगरी कैयौं भाषिक समुदायहरुले आफ्नो निश्चित भाषा अनि धर्मको लागि उत्प्रेरणा एवं जागरण कार्यक्रमहरु संचालन गरि रहेका छन्।

प्रजातन्त्रको पुनर्बहालीको १० वर्ष पछि हुन गइरहेको दशौं राष्ट्रिय जनगनणामा सम्पूर्ण जनजातिका भाषिक एवं धार्मिक समुदायहरु सतर्कको साथसाथै चनाखो भएर अघि बढ्नु आजको समयको माग हो, आवश्यकता हो। राष्ट्रको दर्पणको रुपमा रहेको राष्ट्रिय जनगणनाबाट निस्कने तथ्यांकमा आफ्नो दुरुस्त अनुहार हेर्न पाउनको निम्ति योगदान पुऱ्याउनु समस्त नेपालीको साझा कर्तव्य हो भने सम्पूर्ण बौद्ध मतालम्बीहरुले आफ्नो धर्म कुन हो भनी सोद्धा स्पष्ट रुपमा "म बौद्ध मतालम्बी हुँ" भन्ने जवाफ दिइ आफ्नो सही आँकडा निकाल्ने गौरवमय कार्यमा सहयोग पुऱ्याउनु आजको आवश्यकता हो।

☛ प्राचीन इतिहासमा कहिल्यै पनि बुद्धको शान्ति सन्देशको त्यति खाँचो परेको थिएन होला। जति आजको पीडित र भट्किएको मानव समाजलाई छ। — *जवाहरलाल नेहरु*

☛ राग (लोभ) समानको "आगो" अरु छैन, द्वेष (क्रोध) समानको "ग्रह" अरु छैन, मोह (अज्ञानता) समानको "जाल" अरु छैन र तृष्णा समानको "नदी" अरु छैन। — *बुद्ध*

☛ अक्रोधले क्रोधलाई जित्नुपर्छ, नराम्रो कर्म गर्नेलाई राम्रो काम गरेर जित्नुपर्छ कंजुसलाई दान दिएर जित्नुपर्छ त्यस्तै झुठावादीलाई सत्यवादी भएर जित्नु पर्छ। — *बुद्ध*



Downloaded from http://www.dhamma.digital

## सूचना । सूचना ।। सूचना ।।

बुद्ध जन्मभूमि नेपालमा अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित बुद्ध धर्म सम्बन्धि पठन पाठन गराइनेशिक्षा "नेपाल बौद्ध परियत्ति शिक्षा" मा आफ्ना छोराछोरीहरुलाई सहभागी बनाई उनीहरुमा नैतिकताको ज्ञान दिलाई आध्यात्मिक रुपमा सबल बनाऔं। कक्षा हप्ताको एक दिन शनिवार संचालन हुनेछ। विस्तृत जानकारीको निम्ति आफुलाई पायक पर्ने परियत्ति केन्द्रमा सम्पर्क राख्नुहोला।

"परियत्ति ज्योति"

Downloaded from http://www.dhamma.digital

# "परियत्ति ज्योति" लाई
# सहयोग पुऱ्याउनु होस्

यस "परियत्ति ज्योति" त्रैमासिक पत्रिका हालसम्म बाह्रौं अंकसम्म प्रकाशित भैसकेको छ। शुरु देखि नै बिभिन्न महानुभावहरुले यस पत्रिकाको लागि आर्थिक भार व्यहोरी सहयोग गर्नु भएको छ। उहाँहरुको यस्तो सहयोगले गर्दा नै हामीले यो सानो प्रयासलाई निरन्तरता दिन सकिरहेका छौं। तसर्थ उहाँ दाता महानुभावहरुप्रति फेरि-फेरि धन्यवाद नदिइरहन सक्तैनौं।

यसैगरी यस त्रैमासिकको १३ वटा अंकहरु मध्ये १२ वटा अंकहरु प्रकाशनको लागि विभिन्न श्रद्धालु महानुभावहरुले आर्थिक भार व्यहोरी दिनु भएको छ। अत: हामी वहाँहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौं।

यस्तै गरी अरु अंक प्रकाशनार्थ पनि धर्म प्रेमी महानुभावहरुबाट यस्तै सहयोग गरी पत्रिकाको आजीवन ग्राहक भई, बार्षिक ग्राहक भई, विज्ञापन दिइ तथा पत्रिका खरिद गरी हौसला प्रदान गर्नु हुन हार्दिक अनुरोध गर्दछौं।

"परियत्ति ज्योति"

बाल बौद्ध जागरण समूह, ज्योतिदय संघ

ज्योति विहार, चापागाउँ

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital